# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, आश्विन २३ गते २०२९ साल**

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

सुनसरी जिल्लाको तरहरामा र बारा जिल्लाको बकैयामा बन संरक्षण अधिकारीहरूद्वारा चलेको गोलीबाट मानिसको मृत्यु भएकोमा गोली चलाउनु पर्ने कारण, स्थिति औचित्यका सम्बन्धमा समेत तथ्य कुराको जांचबुझ गरी श्री ५ को सरकारमा आफ्नो ठहर रायसाथ प्रतिबेदन पेश गर्ने गरी जांचबुझ आयोग ऐन २०२६ अन्तर्गत सर्वोच्च अदालतका माननीय अतिरिक्त न्यायाधीश श्री झपटसिंह रावलको एक सदस्यीय जांचबुझ आयोग गठन गर्ने श्री ५ को सरकारको मिति २०२९।३।२८ को निर्णयानुसार आयोग गठन भई उक्त घटना सम्बन्धमा तत्तत् घटनास्थलमा पुगी जांचबुझ गरी सम्बन्धित कर्मचारी तथा व्यक्तिहरू र बिभिन्न जन प्रतिनिधिको कागज बयान तथा प्रतिबेदन जवाफ समेतबाट घटनाको विवरण केलाई आयोगबाट पेश गरेको ठहर अनुसारको व्यहोरा सर्बसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

बारा जिल्ला अन्तर्गत तामागढी बकैयाको जंगल र सुनसरी जिल्ला अन्तर्गत पञ्चायतको जंगल २०२८ साल कार्तिक मार्ग देखिनै अवैध तरिकाले ढालफाड भै जग्गा आवाद कमोद समेत गरेको देखिएकोले मौकामै रोकथाम तथा कानूनी कार्वाही भै दिएको



३४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए थोरै जंगल काटिएको र जंगल काट्नेको संख्या पनि कमै भएका वखत सजिलैसंग रोकथाम तथा कानूनी कार्वाही हुन सकी जंगलको ह्रास हुन नपाउने अवस्था पर्न आउँथ्यो। सो मौकामा हुनुपर्ने कार्वाही सम्वन्धित क्षेत्रबाट हुन नसकेकोले नै ठूलो मात्रामा जंगल नोक्सान हुनगएको देखिन्छ। गोली चले तर्फका हकमा तामागढी बकैयामा १७ फायर भएको १ फायर चितौन नारायणघाट घर हुने बिष्णुलाल चुकेलाई घूंडामुनि पिडौंलामा लागी मरेको र सुनसरी तरहरामा ३ फायर भएकोमा १ फायर धनकुटा चौबिसे घर हुने भरत सिं याखा देवान (लिम्बू) लाई लागी भुंडि निस्की मृत्यु भएको देखिन्छ। वनका कर्मचारीले जंगल काट्नेहरूलाई जंगलबाट धपाउनखोज्दा तामागढी बकैयामा र जंगल काट्नेहरूलाई पक्राउ गरी नगिच फरेष्ट कार्यालयमा कागज बयान गराउन खोज्दा सुनसरी तरहरामा धेरै जमात मानिस जम्मा भै थोरै कर्मचारीहरूउपर हमला गरी कार्यालयसमेत कब्जा गरी दुवै ठाउँमा जोखिमि तवरबाट कर्मचारीहरूलाई कुटपिट गरेको हुनाले परिस्थितिबस गोली चलाएको रहेछ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

320

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।